*कथा:*

## आतङ्कको अतिरिक्त संस्करण

-घनश्याम खड्का

अलिपर पुगेपछि बस फेरि रोकियो-घ्याच्च । अगाडि हाम्रोजस्तै रोकिन विवश गाडीका लामो ताँती थियो र त्यो कहिल्यै नसकिएला जसरी क्षितिजमा पुगेर बिलाएको थियो । हामी हिँड्नभन्दा रोकिनुको टन्टाले पिरोलिएका थियौं ।

बसका सहयात्रु निदाएका जस्ता देदिन्थे । निदाउन नसकेकाहरु बडो विवशतापूर्वक झ्यालबाट मुन्टो यताउति घुमाउँथे । निदाउन नसकेका र अगाडि झ्यालको सुविधा पनि जपाएका चाहिँ हरुवा माले नेता अथवा सरकारमा जान नपाएका एमाले नेताजस्ता निन्याउरा देखिन्थे ।

लामो समय कुर्नुपर्ने संकेत देखिएकाले चालक ओर्लिएर कतै हिँडिसकेको थियो । किनैपर सिपाहीहरु यात्रु र तिनका थाङ्नाभोटा जाँच्नमा तल्लिन थिए । खलासीचाहिँ अलपत्रमा परेका महिला यात्रुतिर आँखा दौडाउँदै हिन्दी सिनेमाको  कुनै चर्चित गीत सुसेल्ने मुद्रमा ओठ गोलो पार्ने प्रयत्नमा थियो, यद्यपि कुनै प्रकारको धुन सुनिएको चाँहि थिएन । एक हिसाबले वातावरणलाई शान्त भनिदिन सकिन्थ्यो ।

बसका यात्रु चुप दिए र वातावरण शान्त भनियो । यो अलग कुरो हो । तर केही दिनयता सहर बडो आतंकित थियो । पेजर बम, फोन बम, मोबाइल बम आदि अनेक प्रकारका अतिरिक्त संस्करणमा बमहरुको भन्युदय भएको थियो, जस्तो कि स्वस्थानी आदि ग्रन्थमा वर्णित कथाका चर्चित नायक नारायणको अनेक रुप र चालामा दसौं अझ आवश्यक परे बाह्रौं र पन्ध्रौं संस्करणसम्म पनि जन्म हुने गर्दथ्यो । यही आधारमा भगवान् र बममा सादृश्यता खोज्ने कोही अतिशय जासुस पनि होल, तर यहाँ त्यसको चर्चा नहुने बेस ठानियो ।

शान्त तलाउमा ढुङ्गा हानेजस्तो अथवा पुलिसकै शौच गृहमा बम पड्किएजस्तो अचानक एउटा भुसतिघ्रे अपरिचित र आतंकित सहरमा रोकिएको शान्त बसभित्र चढ्यो र शंकास्पद फौजी आँखाले चिथऱ्यो सबलाई । त्यो आयो र यात्रु अझ चुप भए । टिप्पणीयोग्य के भयो भने निदाउन बाँकी यात्रु पनि निदाए अर्थात बुझियो होला-आँखा चिम्लिए तिनले बलपूर्वक ।

बसभित्र निदाउन बाँकी ममात्रै थिएँ र त्यो मेरै नजिक आएर उभियो ठिङ्ग । आगन्तुक अझै नजिकियो र मनिरै बस्यो ।

हाम्रा आँखा जुधे र त्यो केही हाँस्यो पनि । पाँच दलका नेता ‘आन्दोलन गरुँ कि नगरुँ’ को दोधारमा भएकै शालीमा म द्विविधामा परेँ-प्रतिउत्तरमा हाँसूँ कि नहाँसूँ ? मरो द्विविधा रबर तन्किएझैं तन्कियो र प्रकारान्तरमा त्यो चुँडियो- च्वाट्ट । भने स्पष्ट छ म हाँसिदिएँ ।

प्रारम्भिक चरणका मुस्कान वार्तापछि हामीबीच चौपचारिक वार्ता हुने लक्षण देखियो । आगन्तुक अनुमान गरेजस्तो खतरनाक थिएन र वातावरण केही सहज बन्दै थियो । यात्रुहरु निदाउने अभिनय तदारुकताका साथ गरिरहेका थिए । म चाहन्थेँ आगन्तुकसँग केही गफ चलोस् । आखिर एकै ठाउँमा बसेपछि उपवास बसेकी शैलजाजस्तो मौन किन हुनुपऱ्यो श्रीमान !

गफका लागि त्यो पनि आतुर थियो सायद । चिनजान भर्ने भङ्गिमाले त्यसले आफ्नो हात मतिर तेर्स्यायो र गुडमर्निङ् भनूँलाझैं फेसनदार मुद्रामा प्रकट भयो ।

हाम्रा हात एकअर्कामा मिले । उफ ! त्यसको उसको स्पर्श कस्तो क्रुर ! उसका हात छुनेबित्तिकै संसारको महाचिसो बस्तु मुटुमा टाँसिएजस्तो अनौठो अनुभूतिले कोपऱ्यो मलाई । केही गरी मैले आफ्नो हात फुत्काएँ । यसपटक मेरो त्रासको ज्वरो एक सय नौ डिग्रीभन्दा पनि माथि चढेको थियो । मैले केही साहस बटुल्दै (साहस मभित्र छरिएर रहेको थियो र अब त्यो खोज्दा नपाउने गरी हराउन लागिसकेको थियो ।) भय र आवेगमा चोपलिएको एउटा लिखुले प्रश्न तेर्स्याएँ ऊतर्फ,'तिमी को हौ महाशय ?'

ऊ केही हाँस्यो र मेरो प्रश्नको संक्षिप्त उत्तर दियो-आतङ्क हुँ ।

अब म त्रासद अनुभूतिको नागले बेरिएको थिएँ । ऊ अहिले केही असामान्यजस्तो देखिन्थ्यो र एकोहोरो कराइरहेको थियो,'सुविधाका लागि मलाई मान्छेको आदिमित्र भनिदिए पनि हुन्छ ।'

उसले के पनि दाबि गऱ्यो भने ऊ जस्तो सुकै रुप र आकारमा पनि प्रकट हुन सक्छ । उसले भन्यो,'अब मेरा केही स्वरुपहरु हेरियोस् ।'

त्यसपछि एकाएक ऊ केही रहस्यमय मुद्रामा देखा पऱ्यो । हेर्दाहेर्दै त्यसको आकार बदलियो ! त्यसको अनुहार दन्त्य कथाको राक्षस बिर्साउने गरी फेरिएको थियो !

-जीउमा भुत्लैभुत्ला पलाएको थियो !

-नङ्ग्रा लामा न लामा थिए !

-दाँत तीखा दाह्रासहितका थिए !

उसामा आएको अचानकको परिवर्तले ममा डर उमारिदिएको थियो र म बोल्न पनि नसक्ने भइसकेको थिएँ ।

मेरो भयग्रस्त प्रतिबिम्ब हेरेर त्यो केहीबेर स्वाद मानिमानी हाँसिरह्यो । ओह ! त्यसले फेरि अर्कै रुप पो ग्रहण गऱ्यो !

यसपटक ऊ मुखुण्डोधारी मानवमा रुपान्तरित भएको थियो !

-त्यसका अनुहारदेखि खुट्टासम्म कालो पर्दाजस्तो वस्त्र थियो !

-हातमा बन्दुक देखिन्थ्यो !

-ऊ मूर्तिजसरी भावहीन मुद्रामा एकतमासले ठिङ्ग उभिएको थियो !

तत्काल उसको त्यो स्वरुप पनि गायब भयो र त्यो काँधमा बन्दुक भिरेर युद्धमा हिँडेको सिपाहीकोजस्तो वेशमा प्रकट भयो । त्यसले अनुहार र आकृति बदल्ने क्रमलाई तीब्र बनायो । कहिले त्यो प्रहरी बनिदिन्थ्यो, कहिले नेता र मन्त्रि-प्रधानमन्त्रीजस्तो भइदिन्थ्यो । कहाँसम्म भने त्यसले आफ्नो स्वरुप जर्जडब्ल्यु बुस र ओासामाविन लादेनको जस्तो पनि बनायो ।

अब मलाई आतङ्कको अतिरिक्त संस्करण हेर्नमा मज्जा आउन थाल्यो । देउबा, थापा, कोइराला, चन्द, बाबुराम, माधव आदि-इत्यादि अनेकानेक स्वरुप पनि त्यसले पालैपालो ग्रहण गऱ्यो । आश्चर्य के छ भने उसका अतिरिक्त संस्करणको परिचय दिने क्रम अझै सकिएको छैन । ऊ देखाइरहेछ, म हेरिरहेछु । यो हेर्ने र देखाउने क्रमको अन्त्य कहिले होला ? एउटा प्रश्न उम्रिएको छ सामून्यः पहिला हेर्ने थाक्ला कि देखाउने ?

*(समाप्त)*